स्थायी लेखा नं.: ३०३४२५०२७ सामाजिक कल्याण परिषद् आबद्धता नं.: ३७८७६ जि.प्र.का. काठमाडौं, दर्ता नं.: ०७/२०१९/४/३

# नेपाल इन्जिनयर्स एशोसिएसन

केन्द्रीय कार्यालय

पुल्चोक, ललितपुर

३४औं केन्द्रीय कार्यकारिणी समिति

**अध्यक्ष**
इ. सुवास चन्द्र बराल

**उपाध्यक्ष**
इ. प्रकाश के.सी.

**महासचिव**
इ. विनोद प्रकाश पण्डित

**उप-महासचिव**
इ. अनिल मानन्धर

**कोषाध्यक्ष**
इ. सुमन थापा

**सह-कोषाध्यक्ष**
इ. कृष्ण प्रसाद पोखेल

**सदस्यहरु**
आ. प्रियंका गुप्ता
इ. संजय कुमार साह
इ. नेत्र प्रसाद देवकोटा
इ. अनिल पौडेल
इ. भैरब धिताल
इ. सुजन श्रेष्ठ
इ. विक्रम कुमार दास
इ. लोकेन्द्र अधिकारी
इ. एमेन्द्र गुरुङ
इ. यम कृष्ण पौडेल
इ. प्रभुराम पोखरेल
इ. जय किसुन राय
इ. टिकाराम पोखेल (कर्णाली प्रदेश)
इ. पूर्ण कुंवर (सुदूरपश्चिम प्रदेश)
इ. अबित के.सी. (गण्डकी प्रदेश)
इ. पवन कुमार झा (कोशी प्रदेश)
इ. आकाश बर्मा (लुम्बिनी प्रदेश)
इ. मेघनाथ ढकाल (बागमती प्रदेश)
इ. तेज नारायण यादव (मधेश प्रदेश)

मिति २०८१/११/०१

## प्रेस विज्ञप्ति

गत २०८१ माघ २९ मंगलवारका दिन मधेश प्रदेश विदेह नगरपालिका धनुषामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत तथा यस एशोसिएसनका आजीवन सदस्य **इ. दिपेन्द्र कुमार साह**लाई कार्यालय परिसरमा नगर प्रमुख तथा त्यहाँ उपस्थित अन्य व्यक्तिहरूले धम्की, गाली, गलौज तथा कुटपिट गरेको भन्ने समाचार प्रति नेपाल इन्जिनियर्स एशोसिएसन केन्द्रीय कार्यालयको गंभीर ध्यानाकर्षण भएको छ । जनप्रतिनिधीले नै राष्ट्रसेवक कर्मचारीमाथि भौतिक आक्रमण जस्तो अमानवीय हर्कत प्रस्तुत गर्नु विल्कुलै सहन योग्य घट्ना होइन । राजनैतिक आडमा कोही कसैलाई भौतिक आक्रमण गर्ने छुट देशका कानुनले दिदैन ।

इ. दिपेन्द्र कुमार साह माथि भएको उक्त दुर्व्यवहार निन्दनीय छ, भर्त्सना योग्य छ । राष्ट्र सेवक इन्जिनियर कर्मचारीलाई राजनैतिक व्यक्ति वा स्थानीय व्यक्तिहरूबाट आफ्नो स्वार्थ अनुकुलको अनैतिक दबावका कारण देशका विभिन्न स्थानहरूमा इन्जिनियरहरुमाथि दुर्व्यहार र कुटपिटका घट्नाहरू बारम्बार दोहोरिरहेका छन् यो घट्ना पनि त्यसैको सिलसिला हो जुन क्षम्य छैन । पटक पटक हुने यस्ता घट्नाहरूका कारण इन्जिनियर समुदायको धैर्यताको सीमा नाघिसकेको व्यहोरा जानकारी गराउंदै हाम्रो सदासयतालाई कमजोरी नठान्न समेत सम्बन्धित निकायलाई जानकारी गराउँदछौं ।

तसर्थ इ. दिपेन्द्र कुमार साहलाई अभद्र व्यवहार तथा कुटपिट गर्ने व्यक्ति जो सुकै होस निजलाई कानुनी दायरामा ल्याइ राज्यको कानुन बमोजिमको कारवाही गर्न नेपाल इन्जिनियर्स एशोसिएसन स्थानीय प्रशासन, मधेश प्रदेश सरकार तथा नेपाल सरकार समक्ष जोडदार माग गर्दछ ।

Binod

इ. विनोद प्रकाश पण्डित
महासचिव